नेपाल अर्वुद रोग निवारण संस्था बागलुङ शाखाको आयोजनामा  चित्रकला प्रतियोगिता सम्पन्न

रुद्र प्र. सुबेदी/बागलुङ, जेठ १८ गते ।

नेपाल अर्वुद रोग निवारण संस्था बागलुङ शाखाको आयोजनामा  चित्रकला प्रतियोगिता आईतवार बागलुङ्मा सम्पन्न भयको छ । “विश्व धुम्रपान रहित दिवस” भन्ने मुल नाराका साथ आयोजित प्रतियोगितामा बागलुङ्का सात बिद्यालयका १४ बिधार्थी सहभागी भएर धुम्रपानले मानबीय स्वास्थ्यमा पुराउने असर झल्काउने बिभिन्न किसिमका चित्रहरु बनायका थिय । प्रतियोगितामा प्रथम  न्यू ओयसिस एकेडमी, दितिय अमृत आदर्श बोर्डिङ स्कुल र त्रितिय आदर्श बिद्यामन्दिर उ.मा.बि. लाई नगद र प्रमाण पत्रले सम्मान गरियको छ ।  नेपाल अर्वुद रोग निवारण संस्था बागलुङ शाखाका अध्यक्ष तथा कालिगण्डकी उ.मा.बि. का प्राधानाध्यापक निरन्जन लाल राज भण्डारी अध्यक्षतामा सन्चालन शाखाका सचिब जयराज भण्डारीले गर्नु भयको थियो । कार्यक्रममा शाखाका उपाध्यक्ष रेसम बहादुर के सि , सदस्य नेत्रलाल न्यौपानेको  उपस्थिती रहेको थियो साथै प्रतियोगिताको निर्णायकमा कार्य समितिका सदस्य  टंक नारायण के सि र मछिन्द्र शाक्य हुनुहुन्थ्यो ।

प्रतियोगितामा  कालिगण्डकी उ.मा.बि., आदर्श बिद्यामन्दिर उ.मा.बि., सनराइज उ.मा.बि., होलिचाइल्ड बोर्डिङ स्कुल , अमृत आदर्श बोर्डिङ स्कुल, न्यू ओयसिस एकेडमी , फ्युचर ब्राइटर बोर्डिङ स्कुल को सहभागीता  रहेको थियो ।